# काठमाडौं महानगरपालिका

## येँ महानगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

बागदरवार, काठमाडौं, ३ नं. प्रदेश, नेपाल
(कानून महाशाखा)

पत्र संख्या: 075/076
चलानी नं.: 682

मिति : २०७५।१२।15

**श्री सवै वडा कार्यालय,**
**का.म.पा. ।**

विषय : **परिपत्र सम्वन्धमा ।**

उपरोक्त सम्बन्धमा, का.म.पा. वडा नं. २७ का वडा सदस्य नरेशमान महर्जनले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १२ को उपदफा २ को खण्ड (ग) को देहाय ३३ मा भएको **नयाँ व्यवसाय दर्ता र गैर नाफा मुलक संस्था दर्ता**को प्रमाण पत्र जारी गर्ने सम्वन्धमा एकरुपता कायम गर्न आवश्यक भएको भनि पत्राचार गर्नु भएकोमा मिति २०७५।१२।१३ मा श्रीमान् प्रमुखज्यूबाट सवै वडा कार्यालयहरुलाई देहाय बमोजिम गर्नु भनि परिपत्र गर्ने निर्णय भएको हुदाँ सो निर्णयानुसार गर्नु गराउनु हुन अनुरोध गरिन्छ ।

**देहाय :**

१. गैर-नाफा मुलक संस्था दर्ता प्रमाणपत्रमा वडा समितीको वैठकबाट निर्णय गरी वडा अध्यक्ष वा वडा सदस्यले प्रमाणित गरी जारी गर्ने ।
२. नयाँ व्यवसाय दर्ता प्रमाण पत्रमा कर अधिकृतको हैसियतमा वडा सचिवले पेश गर्ने र वडा समितिको निर्णयबाट वडा अध्यक्ष वा वडा सदस्यले प्रमाणित गरी जारी गर्ने ।

2075/12/15
वसन्त आचार्य
न्याय प्रशासक

**सादर अवगतार्थ :**

१. श्रीमान् प्रमुखज्यू ।
२. श्रीमान् उप प्रमुखज्यू ।
३. श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू ।

**वोधार्थ :**

१. वडा सदस्य श्री नरेशमान महर्जनज्यू : जानकारीको लागि ।
२. श्री सूचना प्रविधी विकास शाखा : वेभ साईटमा अपलोड गरी दिनुहुन ।